*२०७७ भाद्र २३ गते बसेको  सोना तथा कानूनी सल्लाहकारको बैठकमा भएका छलफलका आधारमा तयार गरिएको मस्यौदा नं ५*

*मिति : २०७७ भाद्र २६*

# नेपाल वास्तुकला परिषद्को व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा, २०७७

## प्रस्तावना :

नेपालको मौलिक पहिचानको रूपमा रहेको पारम्परिक तथा आधुनिक वास्तुकलालाई संरक्षण गर्न, वर्तमान र भविष्यमा निर्माण हुने आवास, भवन लगायत निजी तथा सार्वजनिक संरचनालाई स्थानीय परिवेश अनुकूल आकर्षक, सुरक्षित र सुविधासम्पन्न बनाउन तथा शहर तथा व्यवस्थित बस्ती विकास गर्न, वास्तुकला व्यवसायको पहिचान कायम गर्दै वास्तुकलाको विकासक्रमलाई निर्देशित गर्न, वास्तुकलाको प्रतिस्पर्धात्मक चरित्रलाई अझ प्रगाढ बनाउन र, वास्तुकारहरुको पेशागत योग्यताको अभिलेख अध्यावधिक गर्दै, वास्तुकारहरुको हक हितको संरक्षण गरी पेशागत निष्ठता र सामाजिक उत्तरदायित्व प्रति सजग रहि जिम्मेवारी पूर्ण वास्तुकला सेवा सञ्चालन गर्न नेपाल वास्तुकला परिषद्को स्थापना र व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल वास्तुकला परिषद् ऐन, २०७७" रहेको छ । (२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल वास्तुकला परिषद् सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्दछ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँदछ ।

(घ) "वास्तुकार" भन्नाले परिषद्बाट मान्यता प्राप्त शिक्षण संस्थाबाट वास्तुकला विषयमा कम्तीमा स्नातकोपाधि प्राप्त गरेको व्यक्ति सम्झनु पर्दछ ।

(ङ) "वास्तुकला व्यवसाय" भन्नाले अनुसूचीमा उल्लिखित विषयमा न्यूनतम उपाधि, प्राविधिक ज्ञान तथा दक्षता हासिल गरेका वास्तुकारहरूले गर्ने व्यवसाय सम्झनु पर्दछ ।

(च) "दर्ता किताब" भन्नाले दफा १५ बमोजिम तयार गरिएको दर्ता किताब सम्झनु पर्दछ ।

(छ) "दर्तावाला वास्तुकार" भन्नाले दर्ता किताबमा नाम दर्ता भएको वास्तुकार सम्झनु पर्दछ ।

(ज) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिम नियुक्त गरिएको व्यक्ति सम्झनु पर्दछ ।

(झ) "विषय समिति" भन्नाले २४ दफा बमोजिम गठन भएको विषय समिति सम्झनु पर्दछ ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ठ) “पेशा” भन्नाले वास्तुकारले आफुले हासिल गरेको योग्यता र सीपको सदुपयोग गरि पारिश्रमिक लिएर कुनै व्यक्ति वा संस्थालाई सेवा प्रदान गर्ने कार्यलाई जनाउँदछ ।

(ड) “व्यवसाय” भन्नाले वास्तुकारले पारिश्रमिक आर्जनका साथै मुनाफा कमाउने उद्देश्यले उद्योग वा व्यापारको रुपमा स्थापना गरेको कार्यालयलाई जनाउँदछ ।

(ढ) “वास्तुकार समाज” भन्नाले नेपाल वास्तुकार समाज भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद २: परिषद्को स्थापना, गठन, काम, कर्तव्य र अधिकार

**३. नेपाल वास्तुकला परिषदको स्थापना** : वास्तुकला व्यवसायलाई प्रभावकारी वनाई व्यवस्थित तथा वैज्ञानिक ढंगले परिचालन गर्न तथा वास्तुकारहरूको योग्यता अनुसार सेवा प्रदान गर्नको लागि नेपाल वास्तुकला परिषद्को स्थापना गरिएको छ ।

**४. परिषद स्वशासित संस्था हुने :** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै कामकारबाहीको लागि आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्तिसरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषद्ले व्यक्तिसरह आफनो नामबाट नालिस उजुर गर्न र परिषद् उपरपनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

**५. परिषदको गठन :** (१) दफा ३ बमाजिम स्थापना भएको परिषद्मा देहाय बमोजिमका सदस्यहरु रहने छन् :-

(क) वास्तुकला बिषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा २० (वीस) वर्ष वास्तुकला व्यवसायमा अनुभव प्राप्त वास्तुकारहरु मध्येबाट नेपाल सरकारले नेपाल वास्तुकार समाजको सिफारिशमा मनोनयन गरेको वरिष्ठ वास्तुविद - अध्यक्ष

(ख) वास्तुकला विषयमा स्नातकोपाधि प्राप्त गरी कम्तीमा दश वर्ष वास्तुकला व्यवसायमा अनुभवप्राप्त वास्तुकारहरु मध्येबाट नेपाल सरकारबाट मनोनित व्यक्ति - उपाध्यक्ष

(ग) वास्तुकला व्यवसायमा संलग्न वास्तुकारहरुमध्ये नेपाल सरकारबाट मनोनित दुइजना - सदस्य

(घ) अध्यक्ष, नेपाल वास्तुकार समाज - सदस्य

(ब) नेपाली वास्तुकार समाजले निर्वाचन गरी पठाएका दुईजना वास्तुकारहरु - सदस्य

(च) वास्तुकला शिक्षण विभागका विभागीय प्रमुखमध्ये वरिष्ठतम मनोनित एकजना - सदस्य

(छ) परिषद्बाट मनोनीत दुईजना -सदस्य

(ज) नेपाल सरकारबाट मनोनित भवन क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव प्राप्त ईन्जिनियरबाट एकजना- सदस्य

(झ) नेपाल सरकारबाट मनोनित पुरातत्वविद्बाट एकजना - सदस्य

(ञ) वास्तुकलाविषयमा स्नाकोत्तर उपाधि सहित भवन निर्माण वा बस्ती विकास क्षेत्रमा कम्तीमा १० वर्ष काम गरेको र नेपाल सरकारको नीति नियम र कार्यपद्धतिको अनुभव भएको व्यक्ति- रजिष्ट्रार एवं सदस्य सचिव

(२) उपदफा १) को खण्ड (ब) बमोजिमका सदस्यहरुको निर्वाचन नभएसम्मको लागि नेपाल सरकार/ नेपाल वास्तुकार समाजले बढीमा एक बर्षको लागि मनोनयन गरी पठाएका वास्तुकारहरु परिषद्का सदस्य हुने छन् ।

(३) उपदफा (१) को खण्ड (छ) बमोजिम प्रतिनिधि मनोनयन गर्दा वास्तुकारहरुमध्येबाट गर्नु पर्नेछ ।

(४) परिषद्ले आवश्यक देखेमा कुनै विशेषज्ञलाई परिषद्को बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने कामहरु उपाध्यक्षले गर्नेछ ।

**६. सदस्यको पदावधि** : (१) परिषद्मा मनोनित वा निर्वाचित सदस्यको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएका सदस्यहरु यस ऐनमा लेखिएका अन्य व्यवस्थाहरुको अधीनमा रही पुनः मनोनयन हुन वा निर्वाचित हुन सक्नेछन् ।

(२) दफा ५ अन्तर्गत निर्वाचित भएर आएका कुनै सदस्यको मृत्यु भएको वा कुनै सदस्यले राजीनामा दिएको वा कुनै सदस्यले यस ऐनको व्यवस्था अनुसार वास्तुकला व्यवसाय कायम रही रहन अयोग्य भएको कारणबाट रिक्त हुन आएको स्थानमा त्यस्तो सदस्यको बाँकी पदावधि एकवर्ष भन्दा कम भएमा सदस्यले सम्वन्धित क्षेत्रको अर्को वास्तुकला व्यवसायलाई सदस्य तोक्नेछ र एकवर्ष भन्दा बढी भएमा निर्वाचिनद्वारा सो पदको पूर्ति गरिनेछ ।

**७. सदस्यको निमित्त अयोग्यता** : देहायका कुनै व्यक्ति परिषद्को सदस्य पदमा मनोनित वा निर्वाचित हुन सक्ने छैनः

(क) गैरनेपाली नागरिक,
(ख) दर्ता किताबबाट नाम हटाइएको,
(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,
(ङ) मगज बिग्रेको,
(च) परिषद्को दर्ता सूचीबाट नाम हटाइएको, र
(छ) कालोसूचीमा रहेको ।

**८. सदस्यता समाप्त हुने अवस्था** : देहायको अवस्थामा परिषद्को सदस्यता समाप्त भएको मानिनेछ :-

(क) दफा ७ बमोजिम अयोग्य भएको प्रमाणीत भएमा,
(ख) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,
(ग) परिषदलाई कारण सहितको पूर्व सूचना नदिई लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा, र
(घ) मृत्यु भएमा ।

**९. परिषदको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) वास्तुकला पेशा/व्यवसाय व्यवस्थित तवरले संचालन गर्नको लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरु तयार गरी त्यसको कार्यान्वयन गर्ने,

(ख) वास्तुकला विषयको अध्यापन तथा पाठ्यक्रम विकास गर्न विश्वविद्यालय वा अध्ययन संस्थानलाई नीतिगत तथा शैक्षिक विषयमा निर्देशन तथ सुझाव दिने,

(ग) वास्तुकारहरुको आवश्यक योग्यता निर्धारण गरी योग्यता पुगेका वास्तुकारहरुको तोकिए बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा (अनुमति पत्रको परिक्षा)लिई दर्ता प्रमाणपत्र दिने,

(घ) दर्तावाला वास्तुकारले तोकिए बमोजिमको व्यवसायिक आचारसंहिताको उल्लंघन गरेमा वा पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो वास्तुकारको नाम परिषद्बाट दर्ता खारेज गर्ने ।

(ङ) वास्तुकारहरुको आचारसंहिता तथा डिजाइन प्रतिस्पर्धा सम्वन्धी निर्देशिका जारी गर्ने ।

(च) उजुरी दिने, तथा परिष्द विरुद्ध काम गर्नेलाई मुद्दा चलाउने, विश्वविद्यालयलाई पढाईको मापदण्ड तोक्न सिफारिस गर्ने, कोष खडा गर्ने, परिषदको उद्देश्य पुरा गर्नको निमित्त अन्य काम गर्ने ।

(छ) परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार कुनै पार्षद्, सचिव, समिति वा समितिको सदस्यलाई प्रत्यायोजन गर्ने ।

**१०. परिषदको बैठक र निर्णय** : (१) परिषद्को बैठक वर्षमा कम्तीमा चार(४) पटक बस्नेछ। तर आवश्यक देखिएमा सो भन्दा बढी पटक पनि बैठक बोलाउन सकिनेछ । त्यसरी बैठक बोलाउँदा कम्तीमा चारजना सदस्यहरुले परिषद्को बैठक बोलाउन अध्यक्षसमक्ष लिखित अनुरोध गरेमा अध्यक्षले बैठक बोलाउनको लागि सचिवलाई निर्देशन दिनेछ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ।

(३) परिषद्को कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ।

(६) परिषद्को निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**११. सदस्यले भाग लिन नहुने** : (१) कुनै सदस्यको परिषद्ले गर्ने कुनै करारमा कुनै किसिमको स्वार्थ भएमा वा परिषद्ले कुनै सदस्य माथि कारवाही चलाएकोमा त्यस्तो सदस्यले परिषद् वा परिषद्ले कुनै सदस्य माथि कारवाही चलाएकोमा त्यस्तो सदस्यले परिषद्को कुनै समितिको बैठकमा त्यस्तो करार वा कारवाहीको सम्वन्धमा छलफल हुँदा भाग लिन र मतदान गर्न हुँदैन।

(२) कुनै सदस्यले यो ऐन विरुद्ध कुनै काम गरेमा परिषद्ले तोकिए बमोजिमको कारवाही गर्नेछ।

**१२. काम कारवाही अवैध नहुने :** यस परिष्दको कुनै सदस्यको स्थान रिक्त रहेको वा दफा ७ बमोजिम अयोग्य व्यक्ति यकिन भएको कारणले त्यस्तो पदपुर्तीको प्रयोजनार्थ छनोट भएको व्यक्तीले परिषद्मा काम कारावही गरेको रहेमा, सोही कारणले मात्र परिषद्को उक्त काम कारवाही अमान्य ठहर हुने छैन ।

**१३. कानूनी कारवाही नहुने :** परिषद्को कुनै सदस्य वा कर्मचारीले असल नियतले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम अनुरुप गरेको कुनै कारवाहीलाई लिएर निज सदस्य वा कर्मचारी उपर कुनै उजूरी गर्नु हुँदैन ।

**परिच्छेद ३ः नाम दर्ता सम्बन्धी व्यवस्था**

**१४. अनुमति पत्र प्राप्त नगरी वास्तुकला व्यवसाय गर्न नहुने** : यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष पछि परिषद्बाट अनुमति पत्र प्रप्त नगरी कुनै पनि व्यक्तिले वास्तुकला पेशा वा व्यवसाय सञ्चालन गर्न हुँदैन । परिषद्बाट अनुमति पत्र प्राप्त गरे पश्चात नेपालको भौगोलिक सिमानाभित्र जुनसुकै स्थान वा निकायकोलागि निर्वाध सेवा दिन सकिनेछ र अर्को कुनै निकायबाट छुटटै इजाजत पत्र वा अनुमति पत्रको आवश्यक्ता पर्ने छैन ।

**१५. नाम दर्ताको लागि दरखास्त दिने** : (१) परिषद्मा नाम दर्ता गराउन चाहने व्यक्तिले परिषद्ले तोके बमोजिमको ढाँचामा परिषद् समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत व्यवसाय गरिरहेको व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र परिषद्मा नाम दर्ता गराउनको लागि उपदफा (१) बमोजिम दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नाम दर्ता गराउन दरखास्त दिने व्यक्तिले दरखास्तसाथ शिक्षणसंस्थाबाट प्राप्त गरेको प्रमाणपत्र, उपाधि तथा तत्सम्बन्धी अन्य कागजात तथा तोकिए बमोजिमको दस्तुर संलग्न गर्नुपर्नेछ ।

(४) नेपालमा वास्तुकला पेशा वा व्यवसाय गर्न चाहने विदेशी नागरिकले नेपाल सरकारको सम्बन्धित निकायबाट आवश्यक स्विकृती प्राप्त गरि दफा (३) बमोजिम दरखास्त पेश गर्न सक्नेछ र यस परिषद्को नियम बमोजिम आवश्यक प्रकृया पूरा गरी परिषद्मा दर्ता हुन सक्नेछ । तर, त्यस्ता विदेशी वास्तुकारले यस परिषद्को नियम बमोजिमका कागजातहरु परिषद्मा पेश गरेमा नेपालमा पुनः अनुमति पत्रको परीक्षा दिनुपर्ने छैन ।

(५) संघीय, प्रादेशिक सरकार वा स्थानीय तह, स्वदेशी तथा विदेशी गैरसरकारी संस्थामा सेवा गर्ने वास्तुकारहरुले परिषद्मा अनिवार्य रुपमा दर्ता हुनुपर्नेछ ।

**१६. दरखास्त उपर जाँचबुझ** : दफा १४ बमोजिम दर्ता हुन आएको दरखास्तउपर रजिष्ट्रारले आवश्यक जाँचबुझ गरी सम्बन्धित विषय समितिमा पेश गर्नेछ ।

**१७. दरखास्त उपर छानबिन तथा सिफारिस :**(१) दफा १५ बमोजिम रजिष्ट्रारले पेश गरेको दरखास्त उपर विषय समितिले आवश्यक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा कुनै कुरा अस्पष्ट हुन आएमा तत्सम्बन्धी कुराहरु स्पष्ट पार्नको लागि सम्बन्धित दरखास्तवालासंग विषय समितिले आवश्यक प्रमाण तथा कागजात माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मागभएका प्रमाण तथा कागजात विषय समितिसमक्ष पेश गर्नु सम्बन्धित दरखास्तवालाको कर्तव्य हुनेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम छानबिन गर्दा दरखास्तवालको नाम परिषद्मा दर्ता गर्न योग्य देखेमा विषय समितिले परिषद् समक्ष नाम दर्ता गर्न सिफारिस गर्नेछ ।

**१८. वरिष्ठ वास्तुकारको उपाधि :** (१) कुनै वास्तुकारले कम्तीमा दश वर्ष नेपालको वास्तुकलाको क्षत्रमा व्यवसाय गरी वास्तुकला पेशाको उच्च मर्यादा राखी वास्तुकारहरुको हक हित तथा समाजलाई सहयोग गरेको छ भन्ने परिष्दलाई लागेमा त्यस्तो वास्तुकारलाई परिषदले सम्मान स्वरुप वरिष्ठ वास्तुकारको उपाधि प्रदान गर्न सक्नेछ र त्यस्तो वरिष्ठ वास्तुकारले तोकिए बमोजिमको आचरणको पालन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिष्दले कुनै वास्तुकारलाई वरिष्ठ वास्तुकारको उपाधि प्रदान गर्दा सम्बन्धित वास्तुकारको सहमति लिनुपर्नेछ ।

**१९. अनुमति पत्र प्रदान गर्ने** : (१) दफा १६ को उपदफा (४) बमोजिम सिफारिश भएको खण्डमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम तोकिएको ढाँचामा तयार गरिएको परिषद्को दर्ता किताबमा दर्ता गरि परिषद्ले तोके बमोजिमको ढाँचामा अनुमति पत्र प्रदान गर्नेछ ।

(२) दफा १७ बमोजिम कुनै वास्तुकारलाई वरिष्ठ वास्तुकारको उपाधि प्रदान गरिएको खण्डमा परिषद्ले त्यस्तो व्यक्तिको नाम तोकिएको ढाँचामा तयार गरिएको परिषद्को दर्ता किताबमा दर्ता गरि परिषद्ले बमोजिमको ढाँचामा अनुमति पत्र प्रदान गर्नेछ ।

**२०. दरखास्त खारेज भएको जानकारी दिने** : (१) परिषद्मा अनुमति पत्र प्राप्त गर्नकालागि दरखास्त दिने कुनै दरखास्तवालालाई अनुमति पत्र प्रदान गर्न नमिल्ने कारण देखी निज व्यक्तिले निवेदन गरेको दरखास्त खारेज गरेकोमा रजिष्ट्रारले सम्बन्धित दरखास्तवालालाई सो कुराको कारण खुलाई लिखित जानकारी दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त खारेज गरिएकोमा, दरखास्तवालाले परिष्द्मा बुझाएको परिक्षा शुल्क फिर्ता हुने छैन ।

**२१. अनुमति पत्र रद्द गर्ने** : (१) देहाय बमोजिमको अवस्थामा परिषद्मा दर्ता रही अनुमति पत्र प्रप्त गरेको वास्तुकारको नाम दर्ता किताबबाट हटाइ अनुमति पत्र रद्द गरिने छैन :

(क) मगज बिग्रेमा,

(ख) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेमा,

(ग) तोकिए बमोजिमको व्यवसायिक आचरसंहिताको उल्लघंन गरेको अभियोगमा अनुमति पत्र रद्द गर्ने भनी परिषद्को बैठकमा पेश भएको प्रस्ताव दुई तिहाई बहुमतबाट पारित भएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा,

(ङ) धोखा वा गल्तीले योग्यता नपुगेको कुनै व्यक्तिको नाम दर्ता हुनगएमा, र

(च) वास्तुकार अनुमति पत्र प्राप्त गर्न अयोग्य भएको तथ्य पछिबाट प्रमाणित हुन आएमा ।

(२) उपदफा (१) को देहाय (ग), (घ) र (च) बमोजिमको आरोपमा कुनै दर्तावालाको नाम दर्ता किताबबाट हटाउन तथा अनुमति पत्र रद्द गर्न परिषद्को बैठकमा प्रस्ताव पेश गर्नु अघि त्यस्तो व्यक्तिलाई लागेको अभियोगको सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न परिषद्ले एक जाँचबुझ समिति गठन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएको जाँचबुझ समितिले जाँचबुझ गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम परिषद्ले दर्ता किताबबाट नाम हटाउने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो व्यक्तिको नाम दर्ता किताबबाट हटाई दफा १८ बमोजिम प्रदान गरिएको अनुमति पत्र रद्द गरी सम्बन्धित व्यक्तिलाई सो कुराको लिखित जानकारी दिनु पर्नेछ ।

**२२. अनुमति पत्रको परीक्षा लिन सकिने** : परिषद्ले आवश्यक देखेमा वास्तुकला पेशा वा व्यवसाय संचालन गर्नकालागि अनुमति पत्र परीक्षा लिन सक्नेछ ।

**२३. पुनः नाम दर्ता गर्ने** :

(१) दफा २० को उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमको अवस्थामा दर्ता किताबबाट नाम हटाई अनुमति पत्र रद्द गर्ने निर्णय गरेकोमा त्यस्तो निर्णय भएको मितिले कम्तीमा एक वर्षपछि सम्बन्धित व्यक्तिले मनासिब माफिकको कारण खोली पुनः नाम दर्ताको लागि दफा १४ बमोजिम परिषद्मा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः नाम दर्ताको लागि दरखास्त दिएमा परिषद्ले त्यस्तो दरखास्तवालाको नाम पुनः दर्ता गर्न मनासिब देखेमा पुनः नाम दर्ता गरि अनुमति पत्र प्रदान गर्ने निर्णय गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम परिषद्ले दरखास्तवालाको नाम पुनः दर्ता गर्ने निर्णय गरेकोमा रजिष्ट्रारले त्यस्तो दरखास्तवालाको नाम दर्ता किताबमा पुनः दर्ता गरी दरखास्तवालालाई अनुसूची - २ बमोजिमको ढाँचामा पुनः अनुमति पत्र प्रदान गर्नुपर्नेछ ।

**२४. वास्तुकला व्यवसायको लगत राख्ने** : (१) परिषद्ले वास्तुकला व्यवसायको प्रमाणपत्र पाएका व्यक्तिहरुको लगत राख्नेछ ।

(२) उपदफा (१) अनुसारको लगतलाई परिषद्ले अद्यावधिक गरी राख्नेछ ।

(३) कुनै वास्तुकला व्यवसायको मृत्यु भएमा वा कुनै वास्तुकला व्यवसायले लगत किताबबाट आफ्नो नाम हटाई पाउँ भनी निवदेन दिएमा वा कुनै वास्तुकला व्यवसाय अनशासन सम्वन्धी कारवाहीमा परी प्रमाणपत्र रद्द हुने निर्णय भएमा त्यस्तो वास्तुकला व्यवसायको नाम लगत किताबबाट हटाईनेछ ।

(४) कुनै वास्तुकला व्यवसाय अनुशासनको कारवाहीमा परी निजको प्रमाणपत्र निलम्वन गर्ने गरी परिषद्ले निर्णय गरेमा सो व्यहोरा लगत किताबमा जनाउनु पर्नेछ ।

**परिच्छेद -४ : अध्यक्ष, उपाध्यक्ष तथा रजिष्ट्रारको काम, कर्तव्य र अधिकार**

**२५. अध्यक्षको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य तथा अधिकारको अतिरिक्त अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयहरुको प्राथमिकता निर्धारण गर्ने,

(ख) परिषद्द्वारा संचालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) परिषद्को काम कारबाही व्यवस्थित, प्रभावकारीरुपबाट संचालन गर्ने, गराउने ।
(घ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**२६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : अध्यक्षको अनुपस्थितिमा यस ऐन बमोजिम अध्यक्षले गर्नुपर्ने काम, कर्तव्य र अधिकारको प्रयोग गर्नु उपाध्यक्षको कर्तव्य हुनेछ ।

**२७. रजिष्ट्रारको नियुक्ति तथा काम, कर्तव्य र अधिकार** : (१) परिषद्मा नाम दर्ताको लागि योग्यता पुगेका व्यक्तिहरु मध्येबाट खुला प्रतिस्पर्धाबाट नेपाल सरकारले परिषद्को रजिष्ट्रार नियुक्त गर्न सक्नेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएको काम, कर्तव्य तथा अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिषद्को सामान्य प्रशासन र व्यवस्थापनको कार्य गर्ने,

(ख) परिषद्को कोषको रेखदेख नियन्त्रण, सम्पत्तिको व्यवस्था र स्याहार संभारको व्यवस्था गर्ने, गराउने,

(ग) परिषद्को वार्षिक कार्यक्रम तथा योजना तर्जुमा गरी परिषद्मा पेश गर्ने,

(घ) परिषद्को वार्षिक आयव्यय तथा पुरक आयव्यय विवरण तयार गर्ने,

(ब) परिषद्बाट स्वीकृत बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(च) परिषद्को आन्तरिक र अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था गराउने,

(छ) परिषद् र वास्तुकारहरू बीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ज) परिषद्बाट निर्देशन दिए बमोजिमको अन्य कार्यहरू गर्ने, गराउने,

(झ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

## परिच्छेद ५: परिषद्को कोष तथा लेखापरीक्षण

**२८. परिषदको कोष** : (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी वा विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण, चन्दा, सहायता, अनुदान वा दानदातव्यको रुपमा प्राप्त रकम,

(ग) परिषद्को तर्फबाट उपलब्ध गराइएको सेवाबापत प्राप्त रकम,

(घ) परिक्षा शुल्क, दरखास्त शुल्क तथा अनुमति पत्र नविकरण शुल्क,

(ङ) परिषदबाट संचालन हुने विभिन्न कार्यक्रमहरुको सहभागिता शुल्क, र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिम कुनै विदेशी व्यक्ति, संस्था, सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट ऋण, चन्दा सहायता, अनुदान वा दान दातव्य प्राप्त गर्नु अघि परिषद्ले नेपाल सरकारको पूर्वस्वीकृति लिनुपर्नेछ ।

(४) परिषद्को कोषमा प्राप्त हुनआएको रकम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को कोष र खाताको संचालन तोकिए बमोजिम हुनेछ ।

**२९. लेखा तथा लेखापरीक्षण :** (१) परिषद्को आयव्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) परिषद्को लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा परिषद्को हिसाब किताब जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

**परिच्छेद ६: कसुर दण्ड सजाय र परिषद्को विघटन**

**३०. कसूर तथा दण्ड सजाय** : (१) दफा १३ बमोजिम परिषद्मा नाम दर्ता नगराई व्यवसाय गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई तीन हजार  देखी एकलाख रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(३) उपदफा (२) मा उल्लेख गरेदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम गर्ने व्यक्तिलाई परिष्दले दुई हजार देखी एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**३१. परिषदको विघटन :**

(१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्न नसकेको वा अधिकारको दुरुपयोग गरेको वा प्राप्त अधिकार भन्दा बढी अधिकार प्रयोग गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले पालन गर्नु पर्ने कर्तव्य पालन गर्न नसकेको भन्ने नेपाल सरकारलाई लागेमा सो भए नभएको छानवीन गरी पेश गर्न एक परिषदका पूर्व अध्यक्ष, नेपाल वास्तुकार समाजका अध्यक्ष सहितको तीन सदस्यीय समिति गठन गर्ने र सो समितिले विघटन गर्ने सिफारिस गरेमा परिषदका पदाधिकारीलाई यस सम्बन्धी स्पष्टिकरण दिने मौका प्रदान गर्ने र सो स्पष्टीकरण सन्तोषजनक नलागेमा नेपाल सरकारले परिषद् विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को विघटन भएपछि परिषद्को कोष तथा सम्पत्ति नेपाल सरकारले आफनो जिम्मामा राखी अर्को परिषद् गठन नभएसम्म यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम परिषद्ले गर्नु पर्ने सबै काम कारबाही आफैंले गर्न वा एक समिति गठन गरी सो समितिबाट गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परिषद् विघटन भएको साधारणतया तीन महिनाभित्र नेपाल सरकारले दफा ५ बमोजिम अर्को परिषद् गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को परिषद् गठन भएपछि उपदफा (२) बमोजिम नेपाल सरकारले आफनो जिम्मामा राखेको कोष तथा सम्पत्ति उक्त परिषद्लाई हस्तान्तरण गर्नेछ ।

**परिच्छेद ७ : विविध**

**३२. विषय समिति तथा अन्य समिति गठन गर्न सक्ने** : (१) परिषद्ले आवश्यकता अनुसार विषय समिति तथा अन्य समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका विषय समिति तथा समितिको काम, कर्तव्य तथा अधिकार परिषद्ले तोकिदिए बमोजिम हुनेछ ।

**३३. सदस्यको बैठक भत्ता तथा अन्य सुविधा** : सदस्य तथा दफा ३० बमोजिम गठन भएका विषय समिति तथा अन्य समितिका सदस्यको बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

**३४. परिषदका कर्मचारी** : (१) परिषद्ले आवश्यकता अनुसार कर्मचारीको नियुक्ति गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवा, शर्त तथा सुविधा विनियममा तोकिए बमोजिम हुनेछ ।

**३५. अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी** : दफा २८ बमोजिमको कसूरको अनुसन्धान तहकिकात गर्ने, मुद्दा चलाउने अधिकारी वा निकाय र तत्सम्बन्धी कार्यविधि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

**३६. नेपाल सरकारसंग सम्पर्क** : परिषद्ले नेपाल सरकारसंग सम्पर्क राख्दा शहरी विकास मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

**३७. नियम तथा विनियम बनाउने अधिकार** : (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियम, बनाउन सक्नेछ र त्यसरी बनाएको नियम नेपाल सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

(२) यो ऐन र उपदफा (१) बमोजिम बनेको नियम विपरीत नहुने गरी परिषद्ले आवश्यक विनियम तथा निर्देशिकाहरु बनाउन सक्नेछ ।

***विभिन्न समयमा भएका छलफलका क्रममा उठेका तर टुंगोमा पुग्न नसकिएका विषयहरु***

***क. सार्वजनिक भवनमा वास्तुकारको नाम अंकित गर्ने:*** *तोकिएका सार्वजनिक महत्वका भवन वा संरचना निर्माण गर्दा उक्त भवन वा संरचनाको उपयुक्त स्थानमा वास्तुकारको नाम अंकित गर्नु पर्नेछ ।*

***ख.सार्वजनिक महत्वका भवन परिसरको डिजाइन प्रतिस्पर्धाबाट गराइनु पर्ने*** *: नेपाल सरकारले आफू मातहतका भवन परिशरको निर्माण सीमित अथवा खुला राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतिस्पर्धा द्वारा मात्र गर्नु पर्ने छ । प्रतिस्पर्धाद्वारा डिजाइन गराइएका अन्य भवनको नक्सा पास गर्दा ५० प्रतिशतमात्र दस्तूर लिने व्यवस्था गर्नु पर्ने छ । यस प्रतिस्पर्धालाई पूर्व योग्यता मानी बाँकी परामर्शदाता चयनको प्रक्रिया अगाडि बढाउनु पर्ने छ ।*

***ग. प्रतिस्पर्धाको सहजीकरण :*** *परिषदले तोकिएको दस्तूर लिई प्रतिस्पर्धाको सेवा यसको प्रतिस्पर्धा सञ्चालन एकाईलाई परिचालन गरी नेपाल सरकार तथा नीजि क्षत्रलाई प्रदान गर्ने छ ।*

*घ.* ***परीक्षा लिने तरीका र समय***

समाप्त